# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०१।०७

## प्रेस विज्ञप्ति

समाचारको विषयमा फोनमा कुरा गर्दा बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले मिसन टुडे दैनिकका पत्रकार शुभाकर विश्वकर्मालाई अपशब्द प्रयोग गरी गालीगलौज गरेकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

वैशाख ५ गते शुक्रबार नागरिकता नपाएका एक जना व्यक्तिका बारेमा बुझ्न खोज्दा जोशीले 'नागरिकताका लागि फोन गर्नेलाई म दलाल नै सम्झिन्छु' भन्ने आपत्तिजनक शब्द प्रयोग गरेको महासंघ बाँके शाखाले जनाएको छ ।

बांकेका प्रहरी प्रमुख उपरीक्षक (एसपी) तुलबहादुर कार्कीले समेत पत्रकार विश्वकर्मालाई फोन गरेर उक्त विषयमा केरकार गरेको शाखाको भनाइ छ ।

राज्यका जिम्मेवार अधिकारी र प्रहरीबाट पत्रकारलाई समाचारका लागि सघाउनु र सहज वातावरण निर्माण गर्नुको साटो यस प्रकारले प्रस्तुत हुनुलाई महासंघले अत्यन्त निन्दनीय, गैरजिम्मेवार र प्रेस स्वतन्त्रताविरोधी कदमका रुपमा लिएको छ ।

यसबाट पत्रकारलाई पेसाप्रति हतोत्साहित र त्रसित बनाउनुका साथै पत्रकारको संवैधानिक सुनिश्चितता र सामाजिक सद्भावमा समेत आघात पुग्ने महासंघको ठहर छ ।

महासंघ प्रेसविरोधी यो घटनाको सत्यतथ्य छानिबन गरी यस्ता हर्कतमा संलग्न जो कोही भए पनि कानुनबमोजिम कारबाही गरी पत्रकारलाई निर्धक्क र सुरक्षित रूपमा काम गर्ने वातावरण बनाउन तथा यस्ता घटना नदोहोरिनेतर्फ विशेष ध्यान दिन सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org